# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/१२/२७

### सातौं अधिवेशन

### (सत्रौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको सत्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयलाई प्रतिस्थापन गर्ने बनेको २०७७ ,म प्रदेश बातावरण अध्यादेशसुदूरपश्चि , विधेयक माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई**

**प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिनेछ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय रण बहादुर रावललाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बातावरण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयकको सन्दर्भमा सैद्धान्तिक पक्षलाई लिएर म यहाँ उपस्थित भएको छु । माननीय सभामुख महोदय अहिलेको बहुतै महत्वपूर्ण विधेयकको रुपमा यसलाई लिनु पर्छ अहिले विश्वव्यापी रुपमा बातावरणले पर्यावरणको हिसाबले यसले केवल प्रकृतिलाई मात्र नभएर मानव जातीलाई पनि ठुलो प्रभाव पारेको कुरा अवगत नै छ । त्यस कारण चाहि यस सन्दर्भमा आएको विधेयक बहुतै गम्भिर रुपको छ महत्वपूर्ण छ यसलाई हामी सम्पूर्ण सभासदज्यूहरुले बहुत गम्भिर तरिकाले हेरिदिन हुन म अनरोध पनि गर्न चाहान्छु माननीय सभामुखज्यू मार्फत यो विधेयकको सन्दर्भमा अहिले झण्डै झण्डै ८२ पेज भन्दा ठुलो विधेयकको रुपमा यहा आएको छ यसले स्वच्छ र स्वस्थ बातावरणमा बाच्न पाउँने प्रत्येक नागरिकहरुको मौलिक अधिकार सम्बन्धीको कुराहरु प्रष्ट रुपले यहा राखेको पनि छ नेपालको संविधान २०७२ भाग-३ मौलिक हक र कर्तव्यको धारा ३० को स्वच्छ र बातावरणको हकका सन्दर्भमा धेरै कुरा प्रष्ट पारेकै छ त्यसलाई टेकेर पनि ल्याएको हुनुपर्छ । अहिले स्वच्छबाट स्वस्थ बातावरणको कुरा गर्दा यो विधेयकको प्रस्तावनामा जति कुरा लेखिएको भएता पनि अझ गम्भिर रुपले यसमा हामीले छलफल गर्नुपर्ने जरुरी देखिन्छ । मैले सरसरती हेर्ने मौका पाएको थिए तर अहिलेको सन्दर्भ बढी सैद्धान्तीक पक्ष भएको हुनाले म त्यसमा डिटेल जान चाहादिन ततपश्चात पनि अहिले यो बातावरण र विकासको बीचमा अहिले चाहि समुचित सन्तुलनको अवस्था छ । बहुत गम्भिरताले यो सुदूरपश्चिम मात्र होइन समग्र नेपालले भोग्नु परेको अवस्था छ । विकास पनि आवश्यकता छ बातावरणलाई चाहि व्यवस्थित गर्नु पर्ने पर्यावरणलाई पनि त्यही अनुसारको सम्मान गर्नुपर्ने त्यो सन्तुलन कायम गर्न सकियो भने अनि विकास गर्यो भने मलाई लाग्छ यसले राम्रो फल दिन्छ अर्को प्रकृती भो, बातावरण भो, जैवीक विविधता हामीले सोचेका हुन्छौ विकास मानवहरुलाई मात्रै चाहिन्छ जस्तो लाग्छ तर यो पर्यावरणमा जैवीक विविधता पनि महत्वपूर्ण पाटो छ र त्यसमा प्रकृतिकलाई पनि बचाउन सकियो भने यो प्रकृतिको कारणले बातावरणलाई सही ढंगले अगाडी बढायौ र त्यो सँग जोडिएका जतिपनि किट पतंग देखि लिएर ठुला साना स्तनधारी देखि लिएर सबैलाई चाहि यदी सन्तुलित रुपले बचाउन सकियो भने त्यो अनुसार अगाडी बढ्यो भने राम्रो हुन्छ जस्तो लाग्छ । त्यस कारण चाहि अहिलेको जुन परिस्थिति सृजना भएको छ मानव जातिले आफ्नो स्वार्थ बस आफुलाई सुहाउने खालका विकासको अवधारणा लिने तर यसको पूर्णतया प्रतिकुल असर

बातावरणमा पर्ने भएको कारणले यसलाई नितान्त रुपमा न्यूनीकरण गर्नु अहिलेको अत्यावश्यकता देखिन्छ । अर्को कुरा छ केवल त्यो मात्रै होइन अब सम्पदाहरु विश्व सिमसार सूचीमा रहेका वल्ड हेरिटेच भनेर अहिलेको वल्डकै सुचिकृत गरेको छ कतिपय नगरेको पनि हुन सक्छन कतिपय सीमसारको रुपमा पनि दर्ज भएका जस्तो घोडाघोडी ताल त्यहा जेसुकै व्यवस्थाहरु जुनसुकै हामीलाई लागेको खण्डमा त्यहा विकास गर्न सकिदैन त्यस कारण यसलाई मध्यमान सम्मान गरेर मात्र अगाडी बढ्नु पर्ने हुन्छ त्यस्तै सम्पदाहरुको पनि संरक्षण गर्नु नितान्त आवश्यकता हुन्छ त्यस कारण यसका पनि कुराहरु उल्लेख भएको छ अझ बढी याद गर्नु पर्ने हुन्छ । जलबायु कलाइमेट चेन्ज जलबायु परिवर्तनको चुनौति बहुतै गम्भिर रुपले अगाडी आएको छ । त्यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भर्खरै नेपालको राजधानी काठमाडौको हालत अहिले बहुतै गम्भिर अवस्थामा पुगेको छ मान्छेहरु बहुतै विभिन्न रोगले ग्रसित हुने अवस्था छ । हाम्रो अहिलेको विकासको कारणले त्यसलाई न्यूनीकरण गर्ने उपायहरु सरकारसँग अहिले छैन धेरै कुराले गर्दा आज राजधानी बहुतै प्रदुषित भैसकेको छ त्यसबाट बच्नलाई अब त्यहाबाट विस्तारै भाग्नुपर्ने परिस्थिति बन्दैछ त्यस कारण चाहि यो कुरालाई पनि ध्यान दिनु पर्छ सुदूरपश्चिम प्रदेश सरकारले यो विधेयकमा चाहि यी कुराहरुलाई प्रष्ट्याउनु पर्छ ती चुनौतिहरुको सामना गर्न कस्ता किसिमका रणनीतिहरु अपनाउदा कस्तो किसिमको ऐन कानूनहरु बन्दा राम्रो हुन्छ भन्ने कुराको ध्यान दिनु पर्छ । अर्को महत्वपूर्ण कुरा के भने एकातिर त्यो छ भने अर्कोतिर प्रदुषण त गरियो प्रदुषण गरेर त्यसबाट चाहि अपठ्यारो परेको बर्ग समुदाय हुनसक्छ बातावरण हुन सक्छ त्यसको पनि जोले प्रदुषण गर्न टेवा पुर्याएको छ त्यसलाई कसरी नियमन गर्ने ती कुराहरुलाई पनि हामीले विशेष ध्यान दिनुपर्दछ र त्यस्तालाई क्षतिपूर्ति कसरी दिलाउने बारेमा पनि गम्भिर तरिकाले अहिलेको नीति नियममा प्रष्ट हुनुपर्छ र यही सन्दर्भमा हामीले ध्यान दिनु पर्ने यसलाई जोडेर दिगो विकास लक्ष्यहरु १७ वटा चाही दिगो विकास सस्टेनेवल डेवलवमेन्ट गोल्सको बारेमा हामीले धेरै कुरा गरेका छौ । माननीय सभामुख महोदय, ती हाम्रो सरकार नेपालले इन्टरन्यासनल लेवलमा कमिटमेन्ट पनि गरेको छ कमिटमेन्ट अनुसारको अहिलेको यो संग जोडिएको बातावरण प्रदुषण सँग जोडिएको झण्डै झण्डै लक्ष्य जसले चाहि स्थानीय पर्यावरण संरक्षण र मरुभूमिकरणको कुरा पनि जोडिएको छ यसको कारणले पनि खालका र त्यसपछि जतिपनि मैले पकेट बुक पनि ल्याएको छु १७ वटा लक्ष्यमध्यको यसको चाहि के के उद्देश्यहरु छन् त भन्ने सन्दर्भमा १ देखि ९ वटा तीन वटा क, ख, ग गरेर तीन वटा यी कुराहरु हामीले कमेटमेन्ट गरेर दर्ज भएका कुराहरु हुन यसलाई हामीले हाम्रो प्रदेश स्वायत्त छ हामीले आफ्नो हिसाबले गर्छौ भनेर पाउँदैनौ इन्टरन्यासनल कमिटमेन्ट भएका कुराहरुलाई पनि हाम्रो नीति नियम हाम्रो बन्ने विधेयकहरु, ऐनहरुलाई पनि त्यसलाई सम्मान हुने हिसाबले अगाडी बढ्नु पर्छ जस्तो लाग्छ त्यो कुराहरुलाई पनि अलिकित यहा मैले प्रष्टाएर देखेको छैन अझ दफावार छलफलमा र विशेष गरी विषयगत समितिका साथिहरुले अलि अध्ययन गर्नुहुने छ र समावेश गर्नु हुने छ भन्ने विश्वास लिएको छु । माननीय सभामुख महोदय यहा प्रदेशको अधिकारको सूचीको सन्दर्भ पनि बहुतै गम्भिर छ र त्यस प्रदेशको अधिकारको साथ साथै प्रदेश र स्थानीय, स्थानीय प्रदेश र संघको कुराहरु पनि जोडिएको छ यो विधेयक सँग यी कुराहरु जोडिएको छ जस्तो प्रदेशको अधिकारको सूचीमा अनुसूची— ६ मा झण्डै १०१ देखि १२१ वटा अधिकारहरु छन् त्यस मध्यको १९ नं.को जो अधिकार छ त्यो पनि पूर्णतया बन देखि

लिएर जल देखि लिएर बातावरणको व्यवस्थापनको कुराहरु प्रष्ट छ त्यस कारण चाहि यो कुराहरु मन्त्रालयले हेरेर ल्याएको हुनुपर्छ त्यस पछि जस्तो स्थानीय, प्रदेश र संघ सम्बन्धीको अधिकारको सूची पनि छ जस्तो १७ नं.मा बातावरण सम्बन्धी अधिकार पनि आएको छ त्यस कारण यसलाई पनि हामीले अझ विशेष रुपले सोच्नु पर्ने जस्तो लाग्छ अब कुरा आयो के भन्दा खेरी यो विधेयकमा याद गर्नु पर्ने हामीले हतार हतारमा गर्यौं भने भोली सानो तीनो राम्रा कामहरु थालनी गर्दा पनि यदी हामीले सही ढंगको ऐन बनाउन सकेनौ भने यहा चाहि कुनै पनि उद्योग, व्यवसाय, बाटा घाटा सबै कुराहरुमा यसको प्रभाव पर्छ त्यस कारण त्यसलाई मध्यनजर गरेर पोजेटिभली हेर्दा पनि यदी राम्रो गर्न खोज्दा खोज्दै हामीले भोली समृद्ध प्रदेश बनाउने क्रममा यदी सही ढंगका नियमहरु आए भने त ठिक छ यदी अलि गलत तरिकाले अगाडी बढायौ भने भोली गएर कुनै पनि विकासका संरचनाहरु बन्न सक्दैनन त्यस कारण कार्यसूची एउटा महत्वपूर्ण याद गर्नुपर्ने ३ वटा महत्वपूर्ण चाहि कार्यसूचीहरु बहुतै महत्वपूर्ण छन् यो बातावरण सम्बन्धमा अहिले यसै संघीय उसमा पनि आइसक्या जस्तो लाग्छ एउटा क मा चाहि संक्षिप्त बातावरणीय अध्ययनको सन्दर्भमा साना तिना योजनाहरुलाई साना तिना विकासका कामहरुलाई यसरी संक्षिप्त बातावरणीय अध्ययन गरेर पनि अगाडी बढाउन सकिने हुन्छ त्यसलाई बहुतै ध्यान दिनु पर्ने हुन्छ त्यस पछि दोस्रो नम्बर छ प्रारम्भिक बातावरणीय परिक्षणको कुराहरु छ त्यो प्रारम्भिक इनिसियल इन्भाइरोमेन्ट इक्ज्यमनेसन भन्ने हुन्छ त्यो पनि विभिन्न तरिकाले अध्ययन गर्नु पर्ने हुन्छ कतिपय कत्रा उद्योगहरु कहा राख्ने त्यसको के के प्रावधानहरु फलो गर्ने यी कुराहरु पनि जोडिया छ अर्को कुरा छ बातावरणीय प्रभाव मुल्यांकन इआइए जस्तो हामीले राजधानीका कुराहरु गरेका थियौ तेघरीमा त्यो राजधानी राख्ने सन्दर्भमा बातावरणीय प्रभाव मुल्यांकन हुन जरुरी छ यसको संरचना बनाउने क्रममा चाहि त्यसमा ध्यान दिनु पर्छ त्यो कुरामा केही कमीकमजोरी हुदा अहिले सम्म ढीलाई भएको जस्तो लाग्छ मलाई त्यसैले कुनै कुरा हतारमा गर्न खोजियो भने पछि पछुताउने हामी गर्छौं त्यसैले चाहि यो सन्दर्भमा अगाडी नबढोस यसैले म अन्तमा यो विधेयक बहुतै गम्भिर प्रकृतिको छ यसले मानव जाति मात्रै होइन समग्र हामीसँग जोडिएका किट पतंङ देखि लिएर प्रकृतिका सबैसँग जोडिएको हुनाले यसलाई कमसेकम पनि हामीले विशेष ध्यान दिनु पर्छ र विशेष गरि विषयगत समितिका साथिहरुलाई म अनुरोध गर्न चाहान्छु कि सबैले अझ मेहनत गरौ मेरो तर्फबाट म जुनसुकै बेला पनि सहयोग गर्न तयार छु यति भन्दै यो विधेयकलाई अझ विशेष अध्ययनको लागि विशेष गहन रुपले यसको दफावार हिसाबले अध्ययन गर्नको लागि र सिफारीसको लागि विषयगत समितिमा पठाउन हार्दिक अनुरोध गर्न चाहान्छु धन्यवाद ।

**माननीय शान्ती नेपाली**

माननीय सभामुख महोदय, प्रदेश सभामा जसरी एउटा महत्वपूर्ण विधेयक बातावरण संरक्षणका हिसाबले, प्रदुषणका हिसाबले यो जलबायु परिवर्तन पनि भैरहेको अवस्थामा वायु प्रदुषण पनि बढीरहेको अवस्थामा प्रदेश सरकारले ठुलो मेहनतबाछट वर्तमान समस्याको समाधान निकाल्ने नीति अवलम्बन गरेर जसरी विधेयक टेबुल हुन गएको छ यसका लागि म विषयगत मन्त्रालयका मन्त्रीज्यूलाई धन्यवाद दिन चाहान्छु । हामी अहिले एकदमै संविधानको मौलिक हकको धारा ३० मा पनि हामीले स्वच्छ बातावरणको हक आम नागरिकलाई हुने छ भन्ने कुरा त्यहा महत्वपूर्ण ढंगले लिपिवद्ध छ हाम्रो संविधानमा हाम्रो

व्यवस्थामा मलाई लाग्छ जलबायु परिवर्तन अथवा बातावरण व्यवस्थापनका कुरा सबै भन्दा महत्वपूर्ण विषय हो जसले सुन्दर शहर व्यवस्थित बजार, व्यवस्थित गाउँ, प्राकृतिक हिसाबले स्वच्छ हावापानी र व्यवस्थित हाम्रा उद्योग धन्दा, व्यवस्थित कलकारखाना, शिक्षा, स्वास्थ्य र रोजगारका क्षेत्रमा स्वास्थ्यका क्षेत्रमा पनि व्यवस्थित तरिकाले त्यस भित्र संचालन गर्नुपर्ने हुन्छ सबै भन्दा ठुलो प्रकृतिलाई स्वच्छ बनाउनका लागि बढ्दो जनसंख्याले सब भन्दा ठुलो असर गरेको छ एकदमै फोहोर व्यवस्थापन नहुनुले एकदमै जलबायु परिवर्तन भएको छ । एकदमै प्रदुषण बढेको छ त्यसै कारणले यसलाई व्यवस्थापन गर्नका लागि यसलाई नीतिमा ढाल्नका लागि जसरी हाम्रो विधेयक यहा टेबुल भएको छ यो एकदमै सौभाग्यको विषय हो मलाई लाग्छ कि हामी नेपाल एकदमै यो क्षेत्रमा अलि पछाडि देखिन्छ हुन त प्राकृतिक रुपमा हामी जल, जमिन, जंगलको सम्पन्न राष्ट्र हो देश हो त्यसैमा पनि सुदूरपश्चिम प्रदेश एकदमै बनजंगल पानी माटो सबै हिसाबले हामी अगाडी छौं तर यसलाई व्यवस्थापन गर्ने कुरा जनसंख्यालाई व्यवस्थापन गर्ने कुरा, फोहोरलाई व्यवस्थापन गर्ने कुरा र हाम्रा उद्योगधन्दा, कलकारखानाहरुलाई व्यवस्थित रुपमा संचालन गर्ने कुरा हाम्रा स्वास्थ्य क्षेत्र एकदमै व्यवस्थित गर्ने कुरा हाम्रा शिक्षा क्षेत्र व्यवस्थित गर्ने कुरामा हामी अझै पछाडी छौं त्यो स्थितिलाई निराकरण गर्नक लागि यो विधेयक अत्यन्तै महत्वपूर्ण छ हामी सम्पूर्ण यो बातावरणका हिसाबले, संरक्षणका हिसाबले हेर्दा हामी माननीयले मात्रै यहा बोलिरहदा अथवा प्रदेश सरकारले मात्रै सजकता र नीति बनाउदा समाधान हुने विषय होइन । आम सुदूरपश्चिम बासि, आम नेपालबासिले आ-आफ्नो ठाउँमा सचेत भएर यो बातावरण संरक्षणका लागि बन जंगल संरक्षणका लागि, जैवीक विविधतालाई संरक्षण गर्नका लागि यो सबै कुरामा आम नागरिकले सचेत हुन जरुरी छ । कानून बनाएर पनि यथाशिघ्र कार्यान्वयन गर्न जरुरी छ र हामीले यी विधेयकहरु माननीय सभामुख महोदय यसरी विधेयक ल्याउदा हामीले यो सम्बन्धीका विज्ञहरुलाई एकदमै व्यापक छलफल गराएर सम्बन्धीत समितिमा दफावार छफल गरि सम्पूर्ण समितिका माननीयहरुलाई पनि आम मिटिङबाट यसमा व्यापक छलफल गर्नु पर्ने देखिन्छ यसलाई यथाशिघ्र कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । पछिल्लो चरण हेर्दा जलबायुकै कारणले होला बातावरणकै प्रदुषण भएकै कारण व्यवस्थित नभएकै कारण होला पानी पनि यो तराई क्षेत्रमा पहाडमा त अलि अलि सामान्य परेको छ यहा हेर्दा त पुरै खडेरी देखिन्छ यसले पहाडी जिल्लामा त भोकमारीको स्थिति सृजना गर्ने भैराखेको छ यो परिवेशलाई पनि मध्यनजर गरेर समयमा यो विधेयक आएको छ यो स्वागतयोग्य छ र यसमा व्यापक रुपमा छलफल गर्न जरुरी छ भन्ने कुरा राख्दै विधेयक सम्बन्धीत समितिमा दफावार छलफलका लागि जाने छ र हामी सबै समितिका माननीय सदस्यहरुले त्यसमा भाग लिन पाउँने छौं र विषयविज्ञ पनि त्यो क्षेत्रमा काम गर्ने सरोकारवाला निकाय, त्यो क्षेत्रका नागरिक समाज सबैले त्यसमा राय राख्न पाउँनु हुनेछ सुझाव सहित त्यसमा जुन जुन धारा उपधारा, दफाहरुमा कहा परिवर्तन गर्नुपर्ने हो त्यसमा पनि परिवर्तन हुनेछ भन्ने भनाई राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बातावरण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयक माथि हामी सामान्य छलफल गर्दै छौ । वास्तवमा यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो

जो चाहि मानीसको स्वास्थ्यसँग सरोकार राख्दछ त्यस कारणले यो ज्यादै महत्वपूर्ण विधेयक हो । यो पछिल्लो चरणमा बातावरणको प्रदुषणले गर्दा संसारभर नै एक खालको अस्वस्थमा धेरै असर पारेको अवस्था छ । यो भर्खरै आज भोली दुइ हप्ता देखी हाम्रो देश नेपालको आकासमा यो तुवालो लागेर स्वाशप्रस्वास सम्बन्धी धेरै जस्तो रोगहरु निम्त्याइरहेको देखिन्छ त्यही कारणले अब यो विधेयक एउटा ऐनको रुपमा आइसकेपछि हाम्रो यो सुदूरपश्चिम स्वस्थ सुदूरपश्चिम बनाउनु पर्छ । हाम्रो यो सुदूरपश्चिमलाई यहाका मानीसहरुलाई स्वस्थ हिसाबले बाच्ने व्यवस्था गर्नु पर्छ जस्तो लाग्छ । हाम्रो सुदरपश्चिममा यही धनगढीको कुरा गर्ने हो भने धनगढी अति दुर्गन्धीत शहर भैसकेको अवस्था छ त्यही कारणले यी यस्ता यस्ता कुरालाई हामीले विचार गरेर मसिनो ढंगले यसलाई छलफल गरेर सुदूरपश्चिम बासिहरुको स्वास्थ्यको हिसाबले कसरी राम्रो हुन्छ त्यो अनुसार बनाउनु पर्ने हुन्छ । हाम्रो सुदूरपश्चिममा यो थुप्रै उद्योगहरु खोल्ने क्रमा छन् यो उद्योगद्वारा पनि धेरै यो प्रदुषण हुन सक्दछ त्यो कारणले यो उद्योग, कलकारखानाहरु खोल्दै गर्दा हाम्रो सुदूरपश्चिममा मानवबस्ती देखि चाहि कति टाढा गर्ने र मानवबस्तीकै बीचमा त्यसलाई गर्यौ भने कसरी चाहि न्यूनीकरण गर्न सकिन्छ त्यतातिर चाहि हाम्रो ध्यान जानु पर्छ जस्तो मलाई लाग्छ त्यस कारणले यो विधेयक यसलाई अझै सम्बन्धीत समितिमा गएर चाहि एकदमै बुदागत रुपले छलफल, काटछाट गरेर हाम्रो सुदूरपश्चिमको स्वास्थ्यसँग जोड्नेगरी, फाइदा हुने गरी यसलाई चाहि परिमार्जन गरेर ल्याउनु पर्छ भन्ने जस्तो मलाई लाग्छ । सभामुख महोदय त्यसैले यो विधेयक चाहि ज्यादै ज्यादै महत्वपूर्ण हो यसलाई चाही हामीले सुदूरपश्चिममा चाहि एकखालको नयाँ खालको अरु प्रदेशमा कस्तो छ के छ त्यो भन्दा पनि हामीले कसरी चाहि यसलाई राम्रो बनाउन सकिन्छ सम्बन्धीत विषयविज्ञहरुलाई बोलाएर छलफल गरेर हामीले यसलाई अन्तिम रुप दिनुपर्छ जस्तो लाग्छ यती भन्दै म आफ्नो भनाई यही टुङ्ग्याउछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बातावरण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयक माथि सैद्धान्तीक छलफलमा भाग लिनु हुने माननीय रण बहादुर रावलज्यू, माननीय शान्ती नेपालीज्यू, माननीय कृष्ण बहादुर चौधरीज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । बातावरण संरक्षण विधेयक प्रतिस्थापन गरेर अध्यादेशलाई प्रतिस्थापन गरेर विधेयकको रुपमा टेबुल गर्नुपर्ने आवश्यकता भयो हामीले २०७५ सालको अधिवेशनमा बातावरण संरक्षण विधेयक पेश गरेका थियौ ऐनको रुपमा शुरु गरिसकेपछि यहा पास भैसकेपछि २०७६ बातावरण संरक्षण ऐन संघीय सरकारले ऐन जारी गर्यो र

ऐन जारी गरिसकेपछि हामीलाई भएको अधिकार भन्दा थप अधिकारको रुपमा बातावरण संरक्षण ऐनले दिएका अधिकारहरुलाई पनि हाम्रो ऐन भित्र समेट्नु पर्ने भएकोले हामीले प्रतिस्थापन गर्नुपर्ने भयो । थुप्रै विषयबस्तुहरु यो विधेयक भित्र प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहे बातावरण अध्ययन गर्न कुनै पनि विकास निर्माणको काम गर्दा खेरी बातावरण अध्ययन गरिकन विकास निर्माणलाई अगाडी बढाउनु पर्ने विषयबस्तुलाई प्रदेश सरकारको अधिकारक्षेत्र भित्र रह्यो । प्रारम्भिक बातावरण अध्ययन, संक्षिप्त बातावरणीय अध्ययन र आइइक्षर इआइइ गर्नुपर्ने विषय चार वटा किसिमको बातावरणीय अध्ययन गरेर विकास निर्माणलाई अगाडी बढाउनु पर्ने कुरा भित्र इआइ गर्नुपर्ने मात्रै संघीय सरकारसँग अनुमति लिनु पर्ने स्वीकृति लिनु पर्ने र यो अरु तीन वटा खालको अध्ययन गर्नुपर्ने प्रदेश सरकारले र सम्बन्धीत मन्त्रालयले र सम्बन्धीत गाउँपालिका, नगरपालिका सबैको अधिकार क्षेत्र भित्र रहेर बातावरण अध्ययन गरिकन विकास निर्माणको कामलाई अगाडी बढाउन प्रदेश सरकारको भूमिका रहने भएको हुनाले हामीले अरु कुराहरु पनि जलबायु परिवर्तन प्रतिकुल भैरहेको अवस्थाम धेरै कुराहरु प्रदेश सरकारले पनि गर्न सक्ने गरि विधेयकमा ल्याउनु पर्ने भएको हुनाले हामीले प्रतिस्थापन गरेर नयाँ विधेयकको रुपमा पेश गरेका छौ र अहिलेको समस्या जलबायु परिवर्तनले बातावरणमा प्रतिकुल भयो हिजो अस्थी सानो सानो बच्चालाई बाहिर ननिकाल्नुहोस भन्ने कुराहरु आए र विकास निर्माणले पनि द्रुत गतिमा विकास निर्माण पनि अगाडी बढीरहेको नेपालमै पनि र विश्वमा अरु राष्ट्रहरुमा औद्योगिकरणले बातावरणमा समस्या आइपरेको हुनाले अनि हामी पनि त्योबाट प्रभावित हुन्छौ नेपालमा पछि ती बालछिटाहरु यहा पनि आउन सक्छन् यहाको औद्योगिक विकास नहुदा नहुदै पनि अरु चिजले पनि बातावरणलाई प्रतिकुल बनायो अनुकुलनका लागि हामी नेपालीहरुको हामी सुदूरपश्चिम बासिहरुको पनि उत्तीकै जिम्मेवार हुनुपर्ने भन्ने विषयबस्तु यो विधेयक भित्र राख्नुपर्ने र कामका लागि हामीले त्यतातिर दिशा निर्देश हुनु पर्ने कानूनत व्यवस्था भएर आयो भने सबै कार्यालयहरुले बन मन्त्रालय विकास निर्माणको विरोधी होइन स्वच्छ बातावरणमा हुर्किन पाउँनका लागि रहनका लागि हामी सबै जिम्मेवार हुनु पर्छ र कानूनले नै निर्देशित गर्नुपर्छ भन्नका लागि यो विधेयक टेबुल गरेका छौ र संन्धी महासंन्धीहरुले थुप्रै कुराहरु हाम्रा पक्षमा नहुँदा नहुदै पनि ती कुराहरुलाई समेटेर अगाडी बढ्नु पर्ने । ती कुराहरुलाई लागु गरेर अगाडी बढ्नु पर्ने र बातावरण स्वच्छ बनाउनका लागि स्वस्थ रहनका लागि हामीले पुराना कुरालाई पनि सम्झिनु पर्ने अहिले विकास निर्माण गर्नुपर्ने डोजरचालकले बाटो खनेर काम गरिरहने अनि त्यहाको जनतालाई प्रभावित हुनेगरि काम गर्ने यी खालका कुराहर पनि कानूनमा लिएर त्यस्तो कुरालाई नियन्त्रण गर्नुपर्ने र अध्ययन नगरिकन बातावरण अध्ययनका लागि सामान्य कुराहरु पनि नगरिकन विकास निर्माणका कुराहरु अगाडी नबढाउनका लागि यो विधेयकले सहयोग गर्ने छ । संक्षिप्त बातावरण अध्ययन गर्नका लागि हेलचक्राइ हुने प्रारम्भिक अध्ययन हामी किन गर्छौं भन्ने कुराहरु आउने यी यस्ता कुराहरुलाई निरुत्साहित गर्नका लागि प्रदेश सरकार अलि जिम्मेवार भएर अगाडी बढ्नु पर्ने र हामी विकास निर्माणका कार्यालयहरुले पनि त्यो क्षेत्रलाई राम्ररी अध्ययन नगरिकन कुन खालको हो त आइइ गर्नु पर्छ भने पनि त्यो धेरै कुरा छैन धेरै समस्या छैन सम्बन्धीत जसले काम गर्ने हो उसैले बातावरण अध्ययन गरेर स्वीकृतिका ल्याउनु पर्ने हामीले कन्जुस्याइ गर्यो भने अनुकुल बातावरण बन्दैन हामीलाई अनुकुल बनाउनका लागि हामीले प्रयत्न गर्नु पर्छ भन्ने धारणाका साथ यो विधेयक पेश गरेका छौ र महत्वपूर्ण सुझावहरु राख्नु भएको छ

हामीले पुरानो कालमा देखेका थियौ हरेक ठाउँमा सीमसार क्षेत्र हुनुपर्छ भन्ने छैन सीमसार क्षेत्र भनेको प्रकृतिले दिएको होला हामीले कृतिम बनाउका लागि रिचार्ज पोखरीहरु बनाएर ताल तलैयाहरुलाई संरक्षण गरेर बन बातावरण बनमा संरक्षण गरेर त्यस्तो ठाउँबाट हामीले संरक्षण गर्न सक्यौ भने अरु मुलुकलाई पनि सुदूरपश्चिमले टेवा पुर्याउन सक्नेछ र यहाँको बातावरणले अरुलाई पनि राम्रो बनाउन सक्नेछ भनेर हामी नमूना बन्न सक्छौ पहिलेका ताल तलैयाहरु सुकिसके अहिले बनाउन सकिने कुरामा पनि हाम्रो ध्यान कम गएको हुनाले हामीले यतातिर पनि ध्यान केन्द्रीत हुनेछ र यो विधेयकले त्यतातिर निर्देशित गर्ने छ भन्दै सम्पूर्ण भाग लिनुहुने माननीयज्यूहरुले भनेका कुराहरुलाई पनि समितिमा व्यापक छलफल हुने छ भन्दै मेरा भनाईहरु यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम सुदूरपश्चिम प्रदेश बातावरण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयलाई संशोधन गर्न २०७४ ,म प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐनसुदूरपश्चि , म प्रदेशको प्रदेश सभा नियमावलीबनेको विधेयक माथि सुदूरपश्चि, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिनेछ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय अमर बहादुर साउँद लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सभा गठन भएको पहिलो अधिवेशनको पहिलो विधेयकको रुपमा सुदूरपश्चिम प्रदेशको आर्थिक कर्यविधी ऐन २०७४ सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यही प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो विधेयकको रुपमा यही सभाबाट पारित भएको थियो । आज सातौ अधिवेशनमा आइपुग्दा यो विधेयकलाई संशोधन गर्नुपर्ने आवश्यकता देखिएकाले सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक यो प्रदेश सभामा टेबुल भएको छ र यसको संशोधन किन आवश्यक पर्यो भन्ने सन्दर्भमा जहासम्म प्रदेश सरकार अथवा प्रदेश सभा गठन भैसकेपछि सरकारी कोषको संचालन, यसको बजेट तर्जुमा, निकासा गर्ने खर्च गर्ने, प्रतिबेदन तयार गर्ने र आन्तरिक तथा बाह्य लेखा परीक्षण गर्ने बेरुजु फच्यौंट र असुलउपर गराउने विषयमा मार्ग दर्शन गरी प्रदेशलाई आर्थिक अनुशासन गर्न यो विधेयकको आवश्यकता भएर यो विधेयक पहिलो अधिवेशनको पहिलो विधेयकको रुपमा हामीले पास गरेका थियौ । आज यो विधेयक पुनः संशोधनका लागि हाम्रो सदनमा टेबुल भएको छ । यो विधेयकलाई संशोधन गर्नुपर्ने आवश्यकता किन भयो भन्ने कुरा प्रदेश सरकार अथवा प्रदेश सभाले यो विषयमा छलफल गरिरहदा संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ जुन संघीय आर्थिक कार्यविधी छ त्यो सँग तादाम्यता तथा तालमेल मिलाउनका लागि र केही कुराहरु यो संघीय कार्यविधी सँग बाझिएको हुनाले यो विधेयकलाई संशोधनका लागि प्रदेश सभामा टेबुल गरिएको अर्थमा हामीले बुझेका छौ त्यसै गरि समय वित्दै जादा प्रदेशका विभिन्न संवैधानिक निकायहरुको स्थापना र पदपूर्ति र ती संवैधानिक निकायको आवश्यकता महसुस गरि भर्खरै यही आर्थिक बर्षमा हाम्रो प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग स्थापना गरेको हुना पुरानो अथवा २०७४ को आर्थिक कार्यविधि थियो त्यसमा प्रदेश नीति तथा आयोजना सम्बन्धी व्यवस्था नरहेकोले र केही कुराहर त्यसमा कमीकमजोरी रहेकाले अहिलेको परिस्थितिमा प्रदेश नीति तथा योजना आयोग बनीसकेपछि त्यसलाई अगाडी बढाउनका लागि त्यसलाई गति दिनका लागि यो संशोधनको आवश्यकता परेको भन्ने हामीले महसुस गरेका छौ र त्यसैले यो आर्थिक कार्यविधी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक यही सभाबाट संशोधन हुने अपेक्षाका साथ विदा हुन्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकमा गर्नु पर्ने संशोधन यो विधेयक पहिलो अधिवेशनमा हामीले पास गरेका थियौ र पहिलो अधिवेशनबाट आज सातौ अधिवेशनमा हामी संशोधनमा गैरहेका छौ माननीय सभामुख महोदय, मलाई लागिराछ जुनसुकै विधेयक हामीले निर्माण गर्दा साहेद हामीसँग पर्याप्त समय नपुगेर हो की मसिनो र गहिरो ढंगले हामी छलफल नगरेर हो कि हामीले सम्बन्धीत निकायका विज्ञहरुलाई हायर नगरेर हो कि हामी चाहि एकदमै विधेयकहरुलाई हतार हतारमा चाहि लतारपतार चाहि विधेयक पास गर्ने गरेका छौ किन भन्दा खेरी यो लोकसेवा विधेयक त्यो विधेयक पनि हामीले संशोधन गरेकै हो लोकसेवा विधेयकमा हामीले माननीय सांसदज्यूहरु र आमन्त्रिक माननीयज्यूहरु, मन्त्रीज्यूहरु र सचिवज्यूहरुलाई सम्बन्धीत विज्ञहरुलाई पनि हायर गरेर छलफल गरेकै हो त्यो पूर्ण समानुपातिक लेख्दा खेरी त्यो काटीएर हाम्रो हाउसमा पास भएको अवस्था छ माननीय सभामुख महोदय पुनः त्यो विधेयक प्रमाणिकरण सम्ममा पुग्दा

खेरी त्यो संविधानको विपरित, संविधानमा भएको व्यवस्था त्यो विधेयकमा अपुरो चाहि हामीले हाउसबाट पास गरेर त्यो विधेयक पुन: फर्किएर आयो । फर्केर आउदा खेरी हामीले यसै गरि सैद्धान्तीक छलफल र सम्बन्धीत समितिमा दफावार छलफलको लागि हामीले पठाएर फेरी त्यही माननीय सदस्यज्यूहरु, मन्त्रीज्यूहरु, सचिवज्यूहरु र विज्ञज्यूहरुलाई बोलाएर हामीले फेरी गहिरो मसिनो छलफल गरेर हामी त्यो विधेयक पठाएर हामीले यही हाउसबाट पुन: पास गर्यौं किन भन्दा खेरी एउटा शब्दले मात्रै पूर्ण समानुपातिकले गर्द हामी सम्पूर्ण माननीय सांसदज्यूहरु, मन्त्रीज्यूहरु र विज्ञहरु हामी अनविज्ञ भयौ र संशोधन गर्दा खेरी त्यही एउटा शब्द पूर्ण समानुपातिक भन्ने शब्दले गर्दा हामी विज्ञ भएर पास गराउन सफल भयौ मेरो अनुरोध छ माननीय सभामुख महोदयज्यू सरकारसँग र चाहि यो गरिमामय संसदसँग पनि मेरो अनुरोध छ हामीले कुनै पनि विधेयक जब हामी कानून निर्माण गर्न गैरहेका छौ कानून आजको लागि मात्र होइन कानून सधैको लागि हो केही त टेकोस जुन हाम्रो पाच बर्षको अवधी छ पाच बर्ष सम्म त्यो हाम्रो कानून काम गरोस बरु हामी भन्दा कोही विज्ञ आउलान उहाहरुले संशोधन गरोस तर हामी आफै बनाउछौ आफै पुन: हामी संशोधनमा जान्छौ त्यस कारण यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो यो विधेयक सँग जनताहरुको भविष्य जोडिएको छ माननीय सभामुख महोदय, जुन विधेयक प्रत्येक बर्ष प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा गर्ने विधेयक पनि हो माननीय सभामुख महोदय, र चाहि हामीले चहि यो विधेयकलाई एकदमै अझ जब संशोधनको लागि यो पुगेको छ म सम्बन्धीत समितिलाई आग्रह गर्न चाहान्छु हामी सबै फेरी पुन: मसिनो गहिरो ढंगले छलफल गरौ र यो विधेयकलाई पूर्णता दियौ जो चाहि जनताको भविष्य जोडिएको छ त्यो भविष्य माथि खेलवाड नहोस सम्पूर्ण कार्यालय, आयोग जोडिएको छ । प्रदेश सभा पनि जोडिएको छ र हामीसँग साहेद मलाई लाग्छ समय एकदमै थोरै हुन्छ जुन हामीले आजको विधेयक भोली हामीले छलफल गर्नुपर्छ कम्तीमा ३ दिन नत्र ५ दिन सम्म हामीलाई समय हुनुपर्छ हामी कम्प्यूटर होइनौ हामीले अध्ययन गर्नुपर्छ अनी मात्रै हामी चाहि त्यसमा त्यो विधेयकलाई छलफलमा लग्छौ र आज पनि हामीले सैद्धान्तीक छलफलमा पनि हामीले अध्ययन गरेर मात्रै हामी बोल्न सक्छौ । मेरो अनुरोध छ अब संशोधन हुदा खेरी सबक सबक केलाई कमा, फुलिस्टप अनि चाहि पूर्णविरामहरु पनि सच्याउनु पर्छ सपथको कुरा त परै जावस एउटा व र त ले पनि चाहि धेरै विगार्छ कानूनलाई त्यो चाहि हामीले सच्याएर अगाडी बढ्नु पर्छ र चाहि यो महत्वपूर्ण विधेयक हो सम्बन्धीत समितिमा दफावार छलफलको लागि पठाईयोस धन्यवाद नमस्कार

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, यो सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ जुन हामीले सुदूरपश्चिम प्रदेशको प्रथम अधिवेशनबाट शुरुमै हामीले पारित गरेका थियौ अब यो संशोधन गर्नुपर्ने अवस्था देखिएको छ । बास्तवमा यो यति महत्वपूर्ण विधेयक हो कि यसको बीना कुनै पनि काम संचालन गर्न सकिदैन त्यस कारणले शुरुमै यो विधेयक पारित गरेका हौ जसबाट सरकार संचालन गर्न सकियोस त्यस कारणले हिजोको परिस्थिति जुन थियो त्यो परिस्थिति अहिले फेरिएको छ जस्तै योजना आयोग गठन भएको छ र प्रदेश आर्थिक योजना मन्त्रालयले गर्ने कतिपय कामहरु अहिले योजना आयोगले गर्नुपर्ने अवस्था सृजना भएको छ र साथ साथै संघीय आर्थिक कार्यविधी तथा वित्तीय

उत्तरदायित्व ऐन, २०७४ जुन लागु भएको छ यो सँग पनि तालमेल मिलाउनको लागि तादाम्यता कायम गर्नको लागि पनि यो विधेयकमा संशोधन गरन् आवश्यक छ भन्ने मलाई लाग्छ त्यस कारणले योजनाको कार्यान्वयन यसको संचालनको रकम निकासा यसको बजेटको परिचालन नियन्त्रण र बेरुजु फरछ्यौटको काम त्यव त मन्त्रालय निहित रहनेछ जस्तो मलाई लाग्छ तर योजना बनाउने कुराहरुमा योजना बैंक बनाउने कुरामा र योजनाहरुको बर्गिकरण गर्ने कुरामा योजना आयोगको महत्वपूर्ण भूमिका रहेको हुनाले योबाट केही दायित्वहरु योजना आयोगमा सर्ने भएको हुँनाले यो विधेयकलाई संशोधन गर्नु पर्ने अवस्था मैले महसुस गरेको छु त्यस कारणले यो विधेयकलाई अझै मलाई लाग्छ विषयगत समितिमा खास गरेर यसलाई छलफलको लागि लैजानु पर्छ किन भने धेरै कुराहरु हामीले शुरुमा गर्यौं तर शुरुवातमा हामी अलि सिकारु भएको कारणले पनि केही कुरा छुटेको जस्तो लाग्छ त्यो पनि संशोधनमा आउने कुरामा यसलाई समावेश गर्नु पर्छ जस्तै योजना बैंकको कुराहरु आइराख्या छ । योजना बैंक भनेको के योजना कसरी समेट्ने त योजनाको स्रोत के विगतमा एउटा सिस्टम थियो स्थानीय निकायहरुले आफुले गर्न सक्ने योजना र आफुले गर्न नसक्ने योजनाहरु जिल्ला विकासलाई पठाउने र केन्द्रलाई सिफारीस गर्ने सिस्टम थियो तर म के देख्दै छु भने हामी सबैले महसुस गरेको अवस्था छ हामी तीन बर्षको दौरानमा हामी पुग्दै छौ योजनाहरुमा एकदमै अराजकता छ सिस्टममा छैन योजना पालिकाहरु उत्तरदायि भूमिका भैराखेका छन् पालिकाहरुका निर्णयहरुलाई हामीले प्राथमिकता दिने कि नदिने ती पालिकाका निर्णयहरुलाई उनीहरुले जुन वडाका थ्रुबाट भेला गरेर त्यहाको प्राथमिकताबाट योजना छनौट गरेर ल्याउछन ती योजनाहरुलाई हामीले योजना बैंकमा समेट्ने कि नसमेट्ने र माननीय सांसदहरु जुन योजनाहरु आफ्नो क्षेत्रमा जुन प्राथमिकताको आधारमा जुन योजनाहरुलाई प्राथमिकता दिएका छन तीनलाई योजना बैंकमा राख्ने कि नराख्ने त्यस कारणले त्यो कुराहरु पनि यव संशोधन हुने विधेयक छ यसमा त्यो कुरा पनि लागु गर्नु पर्छ भन्ने मलाई लाग्छ यसमा खुलाउनु पर्छ । कुनै शक्ति र सत्ताको आडमा योजना बाड्ने होइन मन्त्रीहरुले पनि आफु खुशी योजना दिने होईन सिस्टममा सन्तुलित किसिमले योजना बाढ्नु पर्छ त्यसका लिग पनि यो संशोधित विधेयकमा आउनु पर्छ भन्ने मलाई लाग्छ त्यस कारणले यो वित्तीय सम्बन्धी प्रतिफल सुधार गर्नको लागि वित्तीय अनुशासन र पारदर्शिता कसरी कायम गर्न सकिन्छ यो विधेयकले अझै यसमा छलफल होस र त्यस कारणले हिजोको योजना तथा आर्थिक मन्त्रालयले जुन गरिरहेका कामहरु थियो त्यो केही कामहरु योजना आयोगले लिने भएको हुनाले यो संशोधन गर्न आवश्यक पनि छ र यसलाई सम्बन्धीत विषयगत समितिमा अझै व्यापक छलफलका लागि पठाइनु पर्छ भन्ने मेरो राय छ धन्यवाद

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदयलाई संशोधन गर्न २०७४ ,म प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐनसुदूरपश्चि , बनेको विधेयक माथि सामान्य छलफलमा भाग लिनुहुने माननीयज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । छलफलमा उठेका विषयहरु संशोधन गर्नुपर्ने आवश्यक भएको भन्ने विषय पनि उठिसकेका छन् । पहिला आर्थिक मामिला तथा योजना मन्त्रालय भनेर सबै कुराहरु कामहरु एउटै ठाउँबाट हेरिने अहिले आर्थिक मामिला तथा योजना मन्त्रालय भनेर रहेको थियो अहिले प्रदेश नीति तथा योजना आयोग पनि गठन भैसकेको छ त्यो कामको पनि बाडफाड हुन सक्ने क्षेत्राधिकार पनि अलग अलग हुन सक्ने र थप आर्थिक नीतिलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय पनि समावेश गर्नुपर्ने निकासा हुने बेरुजु आउने यी सबै कुरालाई चुस्त दुरुस्त बनाउन सकिन्छ भन्ने कुरालाई पनि समेट्नु पर्ने यी सबै सुझावहरुलाई सम्बोधन हुने गरी आगाडी बढ्ने छ भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, उद्योगवन तथा वातावरण मन्त्री माननीय माया भट्ट ,पर्यटन ,लाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय २०७४ ,म प्रदेशको प्रदेश सभा नियमावलीसुदूरपश्चि ,को नियम १०८ को उपनियम १ को देहाय खण्ड २०७४ ,म प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐनबमोजिम सुदूरपश्चि (ख) लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म ,उद्योगवन तथा वातावरण मन्त्री माननीय माया भट्ट ,पर्यटन ,ले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति द्दण्ठ८ साल वैशाख ०३ गते शुक्रबार दिउँसो १ ण्ण:बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।